आज २०७८ बैशाद १५ गते नगरप्रमुख कालीप्रसाद दासको अध्यक्षता र देहायको उपस्थितिमा देहायका विषयमा छलफल गर्न नगर कोभिड-१९ प्रतिकार्य समिति (CCMC)को बैठक बस्यो ।

<u>उपस्थिति</u>

नगर प्रमुख श्री कालीप्रसाद दास

प्रमुख प्रशासकीय अधिकृत श्री पुरुषोत्तम घिमिरे सुनवर्षी नगर कार्यपालिका

सशस्त्र प्रहरी निरीक्षक , श्री सुकबहादुर तामाङ स.प्र.वेस क्याम्प चुनिमारी

प्रहरी नायव निरीक्षक श्री ढोकबहादुर परियार, इलाका प्रहरी कार्यालय रंगेली

अधिकृत छैटौं(शिक्षा) श्री हरिप्रसाद कट्टेल सुनवर्षी नगर कार्यपालिका

जनस्वास्थ्य निरीक्षक श्री देवेशकुमार सिंह स्वास्थ्य शाखा सुनवर्षी नगर कार्यपालिका

प्रहरी सहायक निरीक्षक श्री केशवराज मैनाली प्रहरी चौकी डाइनियाँ

<u>विशेष उपस्थिति</u>

वडा अध्यक्ष (वडा नं.८) श्री नुरुल मियाँ

कार्यपालिका सदस्य श्री केदारप्रसाद सिंह

अधिकृत छैटौ (स्वास्थ्य) श्री अभिमन्यु दास

छलफलका विषय:

क. कोभिड-१९ को दोस्रो भेरियन्ट संक्रमण नियन्त्रण र रोकथामको लागि अपनाउनु पर्ने सावधानी

ख. विद्यालय तथा शिक्षण संस्था सञ्चालन सम्बन्धी

ग. क्वारेन्टाइन तथा आइसोलेसन सम्बन्धी ।

निर्णय:

१. गत बर्षदेखि फैलिएको कोरोना भाइरसको संक्रमण नियन्त्रण हुदै गइरहेकोमा छिमेकी देश भारतबाट दोस्रो भेरियन्ट शुरुवात हुदै हाल संक्रमण तीब्र बन्दै गएको र हाम्रो देश समेत प्रभावित बन्दै गएको छ । यस सन्दर्भमा हाम्रो नगरपालिकाका वासिन्दाहरु रोजगारीका लागि भारत तर्फ गएका र फिर्ता आउने क्रम शुरु भएको र संक्रमण फैलने देखिएको हुँदा रोकथाम नियन्त्रणका लागि निम्न उपायहरु अवलम्वन गर्ने:

(क) व्यक्तिको भौतिक उपस्थिति हुने सभा समारोह साप्ताहिक हाटवजारहरुमा सुरक्षा अवलम्वन गर्न सार्वजनिक अपिलका लागि माइकिङ गराउने ।अत्यावश्यक काम वाहेक सर्वसाधारणलाइ घर वाहिर ननिस्कन र निस्कनै परे अनिवार्य मास्क लगाएर मात्र निस्कन आव्हान गर्ने ।

(ख) मास्क नलगाइ सार्वजनिकरुपमा हिँड्ने व्यक्तिहरुलाइ सुरक्षाकर्मीले होल्ड गर्नसक्ने ।

(ग) आवश्यक परेमा भारतसंग सीमा जोडिएको सिक्टीमा हेल्पडेस्क सञ्चालन गर्ने ।

(घ) सीमामा आउने व्यक्तिहरुलाइ नेपाल सरकारबाट तोकिएका प्रवेश विन्दुहरुबाट मात्र प्रवेश गर्ने गरी फिर्ता गर्ने र सीमा नाकामा आवतजावतमा कडाइ गर्ने ।

२. कोभिड-१९ संक्रमण सम्बन्धमा शिक्षण संस्थाहरु सञ्चालन सम्बन्धमा देहाय वमोजिम गर्नेः

(क) २०७८ बैशाख १२ गते बसेको नेपाल सरकारको सिसिएमसि बैठकबाट देशभरका विद्यालयहरु तथा शिक्षालयहरु अर्को आदेश नभएसम्मका लागि स्थगित गर्न निर्णय भए अनुसार यस नगरपालिकाक्षेत्र भित्रका विद्यालय/शिक्षालयको हकमा देहाय वमोजिम गर्नेः

(१) विद्यालय तथा शिक्षालयहरुमा भौतिक उपस्थिति बन्द गरी भर्चुअल/वैकल्पिक माध्यमबाट मात्र पठनपाठन गर्ने ।

(२) निकट दिनमा हुन गइरहेको वार्षिक परीक्षाको लागि तयारी गर्न विद्यार्थीहरुलाइ घरमै वसि स्वअध्ययन गर्न प्रोत्साहित गर्ने ।

(३) शिक्षक तथा विद्यालय कर्मचारीहरु अनिवार्यरुपमा विद्यालय गइ विद्यालय विकास तथा अभिभावकहरुसंग विद्यार्थीको स्वअध्ययनको जानकारी नियमित रुपमा लिने ।

३. हालैका दिनमा संक्रमण फैलिसकेको अवस्था नदेखिएको र सम्भावित जोखिमलाइ मध्यनजर गरी होम क्वारेन्टाइन र होम आइसोलेसनमै राख्ने प्रवन्ध गर्ने । जोखिम बढ्दै गएको खण्डमा श्री आदर्श मा.वि. डाइनियाँमा क्वारेन्टाइन र स्वास्थ्य चौकी अमरदह वडा नं.१ ६ र ८ मा रहेका आधारभूत स्वास्थ्यकेन्द्रहरुलाइ समेत आइसोलेसन सञ्चालन गर्ने ।

४. यो निर्णयको जानकारी जिल्ला प्रतिकार्य समिति DCCMC लाइ गराउने ।